लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

प.सं.: ०८०/८१

सुचना नं.: ०४

मिति: २०८०/०८/१८

## ओखर खेती प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना ।।

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१८)

यस गाउँपालिका कृषि विकास तथा सहकारी शाखाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत ओखर खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न नियामानुसार दर्ता भएका कृषक, कृषक समूह, कृषि उद्यमी, कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र लिखु गाउँपालिकाको कृषि विकास तथा सहकारी शाखामा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन अनुरोध छ । ओखर खेतीका लागि प्राविधिक तवरले समुन्द्र सतहबाट १२०० देखि २५०० मि. उचाइका क्षेत्रहरु उपयुक्त मानिन्छ । रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरु

१.निवेदन ।

२.दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

३.निजि फर्मको हकमा आ.व. २०७९/८० सम्म कर बुझाएको वा कर छुट भएको भए सोको प्रमाण ।

४.समूह, सहकारीको निर्णयको प्रतिलिपि ।

५.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

६.संचालक समिति/ समूहका पदाधिकारीको नागरिकताको प्रतिलिपि ।

७.सम्बन्धित वडा कार्यालयको सिफारीस ।

प्रमुख प्रशासकीय अधिकृत
लिलाराज श्रेष्ठ